# जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
## (तेस्रो अध्यावधिक २०८२)

# Disaster Preparedness and Response Plan of Janaki Rural Municipality 2079 **(Third amendment 2082)**


**जानकी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**दुर्गौली कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

# जानकी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## दुर्गौली, कैलाली

## सुदुरपश्चिम प्रदेश, नेपाल



पत्र संख्या

चलानी

मितिः २०८२/३/६

**मन्तव्य**

जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तेस्रो अध्यावधिक २०८२ तयार गरी यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेकोछ।जानकी गाउँपालिकमा वर्षेनी बाढी, आगलागी, शितलहर, हावाहुरी, चटयाङ, असिना, महामारी (कोभिड), खडेरी, जनावर आतंक, सडक दुर्घटना, सर्पदंश, रोग, पशु रोग आदि जस्ता विपद् बाट जनधनको क्षति भईरहेको छ तसर्थ विपद्का घटनाहरुको पुर्वतयारी तथा प्रतिकार्य आजको आवश्यकता रहेकोले विभिन्न सरोकारवालाहरु सँगको सुझाव सहित यो योजना तयार गरिएको हो।

विपद् व्यवस्थापनका लागि स्थानीय स्तरको विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपुर्ण दस्तावेजको रुपमा रहेकोछ।विगतको विपद् बाट सिकाई तथा नयाँ ऐन, नियमलाई आत्मसाथ गरी स्थानीय तहबाट समन्वयात्मक भुमिकालाई थप प्रभावकारी र अझ जिम्मेवार बनाउदै यस गाउँपालिकाको विपद् पूर्वतयारी, प्रतिकार्य योजना समय सान्दर्भिक हिसावले अध्यावधिक गरिएकोछ।

यो योजना तयार गर्ने क्रममा सहयोग पुर्याउने स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु र सम्पुर्ण सरोकारवाला संघसंस्थाहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा यस योजनाले विपद्को समयमा गरिने प्रभावकारी समन्वयात्मक प्रतिकार्य तथा पुर्नलाभलाई सहज र योजनावद्ध गर्न मदत गर्नेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद !

गणेश चौधरी

अध्यक्ष

# विषय सूची


परिच्छेद-१: प्रारम्भिक ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ उद्देश्य ........ १

१.३ योजना तर्जुमा प्रक्रिया ........ २

१.३.१ स्थानीय विपद् व्यवस्थापन समिति संग प्रारम्भिक समन्वय बैठक ........ ३

१.३.२ आधारभूत अध्ययन ........ ३

१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक ........ ३

१.३.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारी ........ ४

१.३.५ कार्यशाला गोष्ठी मार्फत पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ........ ४

१.३.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको स्विकृती ........ ४

परिच्छेद-२: विपद् जोखिम र व्यवस्थापनको अवस्था ........ ४

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ५

२.३ विगतका विपद्को अवस्था विश्लेषण ........ ११

२.३.१ विपद्को ऐतिहासिक समय रेखा ........ १२

२.३.२ विगतका विपद्को अवस्था विश्लेषण ........ ५०

२.३.३ विपद्बाट भएको क्षतिको विवरण ........ ५०

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ........ ५१

२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण ........ ५२

२.६ पूर्वसूचना प्रणालीको अवस्था ........ ५३

२.७ नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था ........ ५४

२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ ५४

२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र ........ ५५

२.८.२ खाद्य तथा कृषि क्षेत्र ........ ५६

२.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र ........ ५७

२.८.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ ५७

२.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र ........ ५८

२.८.६ संरक्षण तथा सूरक्षा क्षेत्र ........ ५८

२.८.७ आपत्कालीन शिक्षा क्षेत्र ........ ५९

२.८.८ शीघ्र पुनर्लाभ क्षेत्र ........ ५९

परिच्छेद-३: पूर्वतयारी तथा प्रतिकार्य योजना ........ ६१

३.१ सामान्य पूर्वतयारी योजना ....... ६१

३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६१

३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६३

३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६४

३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६५

३.१.५ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६६

३.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६७

३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६८

३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ....... ६९

३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना ....... ७०

३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७०

३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७१

३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७२

३.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७३

३.२.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७४

३.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७४

३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७५

३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ....... ७६

३.३ आपत्कालीन प्रतिकार्य योजना ....... ७७

३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ....... ७७

३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ....... ७८

३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ....... ७९

३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ....... ८०

३.३.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ....... ८०

३.३.६ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना ....... ८१

३.३.७ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ....... ८२

३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ....... ८२

परिच्छेद-४: बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा ....... ८४

४.१ विषयगत क्षेत्र अन्तर्गत रहेका सामग्रीगत स्रोत-साधनको वर्तमान अवस्था ....... ८४

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ....... ८६

४.३ बन्दोबस्ती सामग्रीको आंकलन ........ ८६
४.३.१ गैर-खाद्य सामग्री भण्डारण स्थल ........ ८६
४.३.२ मानवीय सहायता स्थल ........ ८७
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ........ ८७
परिच्छेद-५: विविध ........ ९१
५.१ स्रोत साधनको व्यवस्थापन ........ ९१
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ........ ९१
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई ........ ९२
५.३.१ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ........ ९२
५.४ क्षमता विकास रणनीति र योजना ........ ९२
सन्दर्भ सामग्री ........ ९३
अनुसूची ........ ९३
अनुसूची-१: स्थानीय विपद् व्यवस्थापन समितिको नामावली ........ ९३
अनुसूची-२: जिल्ला प्रदेश केन्द्र स्थित सरोकारवालाहरुको सम्पर्क विवरण ........ ९४
अनुसूची-३: तालिम प्राप्त जनशक्तिको सम्पर्क विवरण ........ ९६
अनुसूची-४: दमकल चालकहरुको सम्पर्क विवरण ........ ९८
अनुसूची-५: गाउँपालिकामा संचालित एम्बुलेन्स सेवाको सम्पर्क विवरण ........ ९८
अनुसूची-६: गाउँपालिकाका लागी उपयोगी नदीसतह मापन केन्द्र विवरण ........ ९९
अनुसूची-७: सामुदायिक विपद् व्यवस्थापन समिति ........ ९९
अनुसूची-८: घटना विवरण प्रतिवेदन ढाँचा ........ १००
अनुसूची-९: प्रारम्भिक द्रुत लेखाजोखा फारम ........ १०२
अनुसूची-१०: जानकी गाउँपालिका पूर्व सूचना प्रणाली संयन्त्र ........ १०९
अनुसूची-११: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन बैठकको निर्णय पुस्तिका ........ 110

# तालिका सूची


तालिका १. विषय क्षेत्रगत समितिहरु ........ ३
तालिका २. जनसंख्याको विवरण ........ ६
तालिका ३. पालिकास्तरीय प्रकोपको स्तरीकरण ........ ८
तालिका ४. वडास्तरीय प्रकोपको पहिचान तथा स्तरीकरण ........ ९
तालिका ५. विपद्को ऐतिहासिक समयरेखा ........ १२
तालिका ६. विपद्को अवस्था विश्लेषण ........ ५०
तालिका ७. विपद् बाट प्रभावित हुन सक्ने समुदाय तथा घरधुरी विवरण ........ ५१
तालिका ८. वडा स्तरीय संकटासन्नता विश्लेषण ........ ५३
तालिका ९. विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ ५५
तालिका १०. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार बिषयगत क्षेत्रका सदस्यहरु ........ ५६
तालिका ११. खाद्य तथा कृषि बिषयगत क्षेत्रका सदस्यहरु ........ ५६
तालिका १२. स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्रका सदस्यहरु ........ ५७
तालिका १३. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन बिषयगत क्षेत्रका सदस्यहरु ........ ५७
तालिका १४. आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री बिषयगत क्षेत्रका सदस्यहरु ........ ५८
तालिका १५. संरक्षण तथा सूरक्षा बिषयगत क्षेत्रका सदस्यहरु ........ ५८
तालिका १६. आपत्कालीन शिक्षा बिषयगत क्षेत्रका सदस्यहरु ........ ५९
तालिका १७. शीघ्र पुनर्लाभ बिषयगत क्षेत्रका सदस्यहरु ........ ५९
तालिका १८. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६१
तालिका १९. खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६४
तालिका २०. स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६४
तालिका २१. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६५
तालिका २२. आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६६
तालिका २३. संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६७
तालिका २४. आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६८
तालिका २५. शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ ६९
तालिका २६. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७०
तालिका २७. खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७१
तालिका २८. स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७२
तालिका २९. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७३
तालिका ३०. आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७४
तालिका ३१. संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७५
तालिका ३२. आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७५
तालिका ३३. शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ ७६
तालिका ३४. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ ७७
तालिका ३५. खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ........ ७८

तालिका ३६. स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना ..... ७९
तालिका ३७. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना ..... ८०
तालिका ३८. आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ..... ८०
तालिका ३९. संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना ..... ८१
तालिका ४०. आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ..... ८२
तालिका ४१. शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ..... ८२
तालिका ४२. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण ..... ८४
तालिका ४३. स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण ..... ८५
तालिका ४४. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्र्धन क्षेत्र अन्तर्गत रहेका स्रोत, साधनको विवरण ..... ८६
तालिका ४५. गैर-खाद्य सामग्री भण्डारण स्थल ..... ८६
तालिका ४६. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ८७
तालिका ४७. खाद्य तथा कृषि क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ८८
तालिका ४८. स्वास्थ्य तथा पोषण क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ८८
तालिका ४९. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवद्र्धन क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ८८
तालिका ५०. आप्तकालीन् आश्रय र गैर-खाद्य क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता तथा लागत ..... ८९
तालिका ५१. संरक्षण तथा सुरक्षा क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ९०
तालिका ५२. आपत्कालीन शिक्षा क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ९०
तालिका ५३. शिघ्र पुनर्लाभ क्षेत्र अन्तर्गत स्रोत, साधनको थप आवश्यकता ..... ९०
तालिका ५४. अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ..... ९२
तालिका ५५. क्षमता विकास रणनीति र योजना ..... ९२

## चित्र सूची

चित्र १. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया ..... २
चित्र २. जानकी गाउँपालिकाको नक्सा ..... ५
चित्र ३. ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या (प्रतिशतमा) ..... ७

## परिच्छेद-१: प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न संघ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। जानकी गाउँपालिकामा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। जानकी गाउँपालिकामा पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन। यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभिलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुरूप यस गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ लाई अध्यावधिक गरी जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तेस्रो अध्यावधिक २०८२ तयार गरीएको छ।

### १.२ उद्देश्य

यो योजनाको प्रमुख उद्देश्य जानकी गाउँपालिकामा विपद् पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाई जनधनको क्षति कम गर्नु रहेको छ। यसका देहाय बमोजिमका विशिष्टिकृत उद्देश्यहरू रहेका छन् :

(क) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरू पहिचान र अद्यावधिक गर्नु।

(ख) विपद् प्रतिकार्यका लागि विषयगत क्षेत्रहरूको जिम्मेवारी तथा भूमिका निर्धारण गरी प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्य गर्नु।

(ग) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु।

(घ) विपद् प्रतिकार्यका लागि अहिले उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा र सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आँकलन गर्नु।

(ङ) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेषणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ अनुसार जानकी गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ।यस जानकी गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ।विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छ।




*चित्र १. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया*

माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरुको सङ्क्षेपमा तल चर्चा गरिएको छ।

### १.३.१ स्थानीय विपद् व्यवस्थापन समिति संग प्रारम्भिक समन्वय बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि मिति २०८२ वैशाख १२ गते स्थानीय विपद् व्यवस्थापन समितिसंग प्रारम्भिक समन्वय बैठकको आयोजना गरिएको थियो ।

### १.३.२ आधारभूत अध्ययन

गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिबाट विपद् व्यवस्थापन गर्नका लागि सहयोग पुर्याउने मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियो :

- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना (सन् २०१८-२०३०)
- प्रादेशिक विपद् जोखिम व्यवस्थापन योजना (२०७७)
- कैलाली जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (अद्यावधिक)-२०७८
- स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७८
- जानकी गाउँपालिकाको गाउँबस्तु स्थिति विवरण-२०७७
- जानकी गाउँपालिकाको मौसम पूर्वानुमानमा आधारित प्रतिकार्य योजना २०७८
- जानकी गाउँपालिकाको विस्तृत घरधुरी सर्वेक्षण २०७७-२०७८
- जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९
- जानकी गाउँपालिका स्तरीय पुर्वसूचना प्रणाली संयन्त्र २०७९
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

विषयगत क्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आंकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न विषय क्षेत्रगत समितिहरु संग निरन्तर छलफल तथा बैठकको आयोजना गरिएको थियो।

*तालिका १. विषय क्षेत्रगत समितिहरु*

| क्र. स. | विषय क्षेत्रगत समितिहरु |
|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |

| क्र. स. | विषय क्षेत्रगत समितिहरु |
|---|---|
| २ | खाद्य तथा कृषि क्षेत्र |
| ३ | स्वास्थ्य तथा पोषण क्षेत्र |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र |
| ५ | आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र |
| ६ | संरक्षण तथा सूरक्षा क्षेत्र |
| ७ | आपत्कालीन शिक्षा क्षेत्र |
| ८ | शीघ्र पुनर्लाभ क्षेत्र |

### १.३.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारी

विषयगत क्षेत्रहरू संगको छलफल र द्धितिय स्रोतबाट संकलन गरिएका सूचनाहरू संश्लेषण एवं विश्लेषण गरी जानकी गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गरियो।

### १.३.५ कार्यशाला गोष्ठी मार्फत पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

विषयगत क्षेत्रको बैठक तथा द्वितिय स्रोतको समेत अध्ययनबाट प्राप्त सुचनाबाट तयार गरिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। उक्त कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य, संघसंस्थाहरूका साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवाला निकायका व्यक्तिहरूको उपस्थितीमा विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल गरि आवश्यक सुझाव लिईएको थियो। छलफलबाट प्राप्त सुझावहरुलाई योजनामा समावेश गरिएको छ।

### १.३.६ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको स्विकृती

कार्यशाला गोष्ठीबाट प्राप्त पृष्ठपोष्णका आधारमा तयार गरिएको यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तेस्रो अध्यावधिक २०८२ को मस्यौदामा सरोकारवाला निकाय, संघ, संस्था र विज्ञहरुको सुझाव सहित अन्तिम रुप दिई गाउँ कार्यपालिका बैठकबाट अनुमोदन गरि अन्तिम रुप दिईनेछ।

## परिच्छेद-२: विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

जानकी गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको पूर्वी भागमा अवस्थित रहेको छ। गाउँपालिकाको भौगोगिक अवस्थिति २८ डिग्री ३१ मिनेट १७ सेकेण्ड देखि ३० डिग्री ३६ मिनेट ५२ उत्तरी अक्षांश र ८१ डिग्री २ मिनेट ३१ सेकेण्ड देखि ८१ डिग्री १५ मिनेट ४४ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस गाउँपालिकाको पूर्वी सिमानामा कर्णाली नदी रहेको र कर्णाली पारी बर्दिया जिल्लाको गेरुवा गाउँपालिका तथा बर्दिया राष्ट्रिय निकुञ्ज पर्दछ। पश्चिममा जोशीपुर गाउँपालिका, उत्तरमा लम्कीचुहा नगरपालिका र दक्षिणमा टिकापुर नगरपालिका अवस्थित रहेको छ। सङ्घीय राजधानी काठमाण्डौंबाट करिब ६१० किलोमिटर, प्रदेश राजधानी तथा जिल्ला सदरमुकाम धनगढी बाट ९० किलोमिटर दूरीमा रहेको छ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

*चित्र २. जानकी गाउँपालिकाको नक्सा*

स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७३ साल फागुन २३ गते साविक दुर्गौली, जानकी र पथरैया गाविसहरु लगायतका क्षेत्रलाई समावेश गरी स्थापना गरिएको छ। कुल क्षेत्रफल १०७.२७ वर्ग किमि रहेको यस गाउँपालिका ९ वटा वडामा विभाजन गरिएको छ। यो गाउँपालिका समुन्द्र सतहदेखि करीव १४० मिटर देखि २०० मिटरसम्मको उचाइमा रहेको छ। नदी तटिय क्षेत्र होचो

स्थानको रुपमा रहेको छ भने उत्तरी भागमा अवस्थित वन क्षेत्र उच्च क्षेत्र हो। यस गाउँपालिकाको सबैजसो भू-भाग समथर रहेको छ। तथापि, नदी तथा खोलाले खियाएर वनाएको केही खोल्सा तथा विश्रृङ्खलित स्थान देख्न सकिन्छ।

प्राकृतिक सम्पदाका रुपमा नदी तथा खोला, उपोष्ण क्षेत्रीय जंगल, उर्बर भूमि र भूमिगत जलश्रोत, ताल तथा सिमसार क्षेत्र रहेका छन्। खेती गरिएको जमिन ७४.४ प्रतिशत, जंगल १३.९ प्रतिशत, चरन क्षेत्र ०.६ प्रतिशत, बगैंचा ०.१ प्रतिशत, झाडी तथा बुट्टयान १.८८ प्रतिशत, बगर ४.५ प्रतिशत र पानीले ढाकेको क्षेत्र ४.८ प्रतिशत रहेको छ। नदी तथा खोलाहरुका कर्णाली नदी, रानी खोला, पथरैया नदी, जमरा खोला, कुलहरिया खोला, विजुलिया खोला आदि रहेका छन्। तालहरुमा मट्गौरा ताल, शंकर ताल, बर्का फँटवा ताल र इतिहिनीया ताल रहेका छन्। यस क्षेत्रमा सिमसार क्षेत्रका रुपमा मट्गौरा ताल, शंकर ताल र बर्का फँटवा ताल रहेका छन्। वार्षिक रुपमा औषत १७५७ मिलि मिटर वर्षा हुने यस क्षेत्रमा न्यूनतम ९ डिग्री सेल्सियस र अधिकतम ३८ डिग्री सेल्सियस तापक्रम हुने गर्दछ।

राष्ट्रिय जनगणना २०६८ अनुसार ११०४१ घरधुरी रहेको जानकी गाउँपालिकामा २६६६२ जना महिला तथा २३१९८ जना पुरुष गरी ४९८६० जना रहेका छन। जस मध्ये वडा नं. ८ मा सबै भन्दा धेरै जनसंख्या रहेको छ भने वडा नं. ६ मा सबै भन्दा कम जनसंख्या रहेको छ।

*तालिका २. जनसंख्याको विवरण*

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | २८५१ | २९०८ | २८२१ | २९९१ | २४५८ | २३२८ | ३३३४ | ३६३४ | ३३३७ | २६६६२ |
| पुरुष | २४७७ | २५९५ | २५०६ | २५३० | २२२७ | २०८९ | ३०८७ | २९५८ | २७५९ | २३२२८ |
| जम्मा | ५३२८ | ५५०३ | ५३२७ | ५५२१ | ४६८५ | ४४१७ | ६४२१ | ६५९२ | ६०९६ | ४९८९० |

*(श्रोत: राष्ट्रिय जनगणना २०७८)*




*चित्र ३. ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या (प्रतिशतमा)*

*(श्रोतः राष्ट्रिय जनगणना २०७८)*

### २.२ गाउँलिकामा विद्यमान प्रमुख प्रकोपहरु

उपोष्ण जलवायु रहेको यस क्षेत्रमा समथर, एकरुप र होचो धरातलीय अवस्था तथा मौसमजन्य परिवर्तनका कारण देखिने विपद्को जोखिम अनुसरको समय तालिका हेर्दा चैत्र देखि जेठ सम्म खडेरी तथा आगलागिको जोखिम रहेको छ। बाढीको जोखिम असार देखि भदौ सम्म, शीतलहरको जोखिम पौष तथा माघ, माहामारीको जोखिम जेठ देखि भदौ सम्म सर्पको टोकाइ जेठ देखि भदौसम्म र जंगली जनावरबाट सबै महिना क्षति हुने गरेको देखिन्छ।

*तालिका ३. पालिकास्तरीय प्रकोपको स्तरीकरण*

| प्रकोपहरु | वाढी | जनावर आतंक | वालीमा रोगकिरा | सडक दुर्घटना | हावाहुरी | शितलहर | आगलागि | माहामारी | असिना | चटयाङ | शर्पदंश | खडेरी | भु-क्षय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वाढी | | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी | वाढी |
| जनावर आतंक | | | वालीमा रोगकिरा | सडक दुर्घटना | हावाहुरी | शितलहर | आगलागि | माहामारी | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | जनावर आतंक | भु-क्षय |
| वालीमा रोगकिरा | | | | वालीमा रोगकिरा | वालीमा रोगकिरा | वालीमा रोगकिरा | वालीमा रोगकिरा | माहामारी | वालीमा रोगकिरा | वालीमा रोगकिरा | वालीमा रोगकिरा | वालीमा रोगकिरा | वालीमा रोगकिरा |
| सडक दुर्घटना | | | | | हावाहुरी | सडक दुर्घटना | सडक दुर्घटना | माहामारी | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| हावाहुरी | | | | | | हावाहुरी | हावाहुरी | माहामारी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी |
| शितलहर | | | | | | | शितलहर | माहामारी | शितलहर | शितलहर | शितलहर | शितलहर | शितलहर |
| आगलागि | | | | | | | | माहामारी | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि |
| माहामारी | | | | | | | | | माहामारी | माहामारी | माहामारी | माहामारी | माहामारी |

| प्रकोपहरु | वाढी | जनावर आतंक | वालीमा रोगकिरा | सडक दुर्घटना | हावाहुरी | शितलहर | आगलागि | माहामारी | असिना | चट्याङ | शर्पदंश | खडेरी | भु-क्षय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असिना | | | | | | | | | | असिना | असिना | खडेरी | भु-क्षय |
| चट्याङ | | | | | | | | | | | शर्पदंश | खडेरी | भु-क्षय |
| शर्पदंश | | | | | | | | | | | | खडेरी | शर्पदंश |
| खडेरी | | | | | | | | | | | | | खडेरी |
| भु-क्षय | | | | | | | | | | | | | |
| अंक भार | १२ | ४ | १० | ८ | ९ | ७ | ६ | ११ | २ | ० | २ | ४ | ३ |
| स्तर | पहिलो | नवौं | तेस्रो | पाँचौ | चौथो | छैठो | सातौं | दोस्रो | बाह्रौ | तेह्रौ | एघारौं | आठौं | दशौं |

*तालिका ४. वडास्तरीय प्रकोपको पहिचान तथा स्तरीकरण*

| वडा | प्रकोपको स्तरीकरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | बाढी | कृषिमा रोगकिरा | जनावरको आतंक | हावाहुरी | शीतलहर | सर्पदंश | चट्याङ्ग | असीना | सडक दुर्घटना | महामारी | आगलागि | खडेरी | |
| २ | बाढी | शीतलहर | कृषिमा रोगकिरा | सडक दुर्घटना | महामारी | खडेरी | सर्पदंश | असीना | चट्याङ्ग | आगलागि | जनावरको आतंक | | |
| ३ | बाढी | जनावरको | कृषिमा | सडक दुर्घटना | हावाहुरी | शीतलहर | आगलागि | महामारी | असीना | चट्याङ्ग | सर्पदंश | खडेरी | भू- |

| वडा | प्रकोपको स्तरीकरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | आतंक | रोगकिरा | | | | | | | | | | क्षय |
| ४ | बाढी | सडक दुर्घटना | हावाहुरी | आगलागि | महामारी | असीना | कृषिमा रोगकिरा | शीतलहर | चट्याङ्ग | | | | |
| ५ | बाढी | सडक दुर्घटना | कृषिमा रोगकिरा | जनावरको आतंक | शीतलहर | आगलागि | असीना | सर्पदंश | चट्याङ्ग | हावाहुरी | | | |
| ६ | बाढी | महामारी | हावाहुरी | आगलागि | जनावरको आतंक | कृषिमा रोगकिरा | चट्याङ्ग | असीना | शीतलहर | सर्पदंश | | | |
| ७ | बाढी | जनावरको आतंक | महामारी | असीना | भू-क्षय | हावाहुरी | शीतलहर | खडेरी | सडक दुर्घटना | आगलागि | कृषिमा रोगकिरा | चट्याङ्ग | |
| ८ | बाढी | जनावरको आतंक | शीतलहर | हावाहुरी | कृषिमा रोगकिरा | असीना | आगलागि | सडक दुर्घटना | महामारी | सर्पदंश | | | |
| ९ | बाढी | जनावरको आतंक | कृषिमा रोगकिरा | मिचाहा जाती वनस्पतीको प्रकोप | शीतलहर | हावाहुरी | महामारी | खडेरी | आगलागि | चट्याङ्ग | असीना | शीतलहर | |

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

जानकी गाउँपालिकाभित्र जोखिमयुक्त स्थानमा बसोबास गर्ने घरपरिवार संख्या जम्मा १९८२ रहेको छ। जसमध्ये; सबैभन्दा अत्याधिक १,४८५ घरपरिवार बाढीका कारण जोखिमयुक्त क्षेत्रमा रहेका छन् भने नदी कटानका कारण जोखिमयुक्त क्षेत्रमा रहेका घरपरिवार संख्या ४९७ रहेको छ। सबैभन्दा अधिक जोखिमयुक्त स्थानमा बसोबास गर्ने घरपरिवार वडा नं. १ मा रहेका छन् भने सबैभन्दा न्यून वडा नं. ६ मा रहेका छन। विपद्का कारण विगत तीन वर्षमा रु ६ करोड ९५ लाखभन्दा बढीको क्षति भएको देखिन्छ। क्षतिको अवस्था हेर्दा ४३० परिवारको गोठ, १४३ घरपरिवारको पशुपन्छी र २,२६५ परिवारको बालीनाली तथा जग्गा र ९ घरपरिवारको अन्य क्षति भएको छ। वडागत रुपमा हेर्दा सबैभन्दा अधिक क्षति वडा नं. ५ मा भएको देखिन्छ। यस गाउँपालिकाभित्र विगत तीन वर्षमा कुल विपद्का कारण १७ जनाको मृत्यु र ३५ जना घाइते भएको देखिन्छ। सबै भन्दा बढी सर्पदंशबाट २८ जना घाइते र १० जनाको मृत्यु भएको छ। बाढीबाट ६ जनाको मृत्यु तथा २ जना घाइते र चट्याङबाट एक जनाको मृत्यु तथा २ जना घाइते भएको देखिन्छ। **(गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७७)**

यस गाउँपालिकामा गत वर्षमा १० पटक भन्दा बढी प्राकृतिक तथा गैर प्राकृतिक साना र ठूला प्रकोप तथा विपद्का घटनाहरू घटेका छन्। यस गाउँपालिकामा आवृत्ति र गम्भिरताको आधारमा अन्य प्रकोप तथा घटेका विपद्का घटनाहरुको तुलनामा बाढीको असर तथा प्रभाव बढी देखिएको छ जसको कारणले पशु चौपाया, व्यक्तिगत सम्पत्ति र अन्नपात समेत क्षति हुने गरेको छ। यस्ता प्रकोप तथा विपद्बाट विपन्न वर्ग, समुदायको आर्थिक अवस्था थप कमजोर बन्ने गरेको छ। यसरी विपद्को चपेटामा पर्ने घरपरिवार तथा समुदायलाई उत्थानशील र अनुकुलित बनाउन आवश्यक छ।

### २.३.१ विपद्को ऐतिहासिक समय रेखा

यस गाउँपालिकामा विगत पाँच वर्ष यता विभिन्न समयमा घटेका प्राकृतिक, गैह्रप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

*तालिका ५. विपद्को ऐतिहासिक समयरेखा*

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | वडा नं. १ |
| बाढी | २०७७ | तौरैयापुर | २५ घरमा आंशिक क्षती, २ घर पुर्ण क्षती, २०० मिटर सडक बगाएको, ७५ क्वीन्टल धानहरु बगेको, १५ क्वीन्टल लाही बगेको, २० क्वीन्टल गहु बगेको, ४५ क्वीन्टल चामल भिजेको, १ तोला सुन बगाएको, १० मोटर बिग्रेको, ३ जनाको हातखुट्टामा चोटपटक लागेको, १०० जना दुषित पानीले बिरामी भएको, १० कट्ठा जमिन पटानि भएको |
| | २०७७ | गुजेरुवा नवलपुर | १ पुल सडक बगाएको, १० घरको भित्ता बगाएको, २० क्वीन्टल धान बगेको, ५० क्वीन्टल गहु बगेको, ५ क्वीन्टल मसुरो बगेको, २ बिगाहा खेत पटानि भएको |
| | २०७७ | धर्मापुर | १८ घरहरु डुबानमा, १५० क्वीन्टल धान बगेको, ५० क्वीन्टल गहुँ भिजेको, १०० क्वीन्टल लाही भिजेको, ५ वटा माछा पोखरी नोक्सान भएको, १ बिगाहा जमिन कटानि भएको |
| | २०७७ | बेलासपुर झसी तिनघरुवा | ५० घर बगेको, ३ कि.मि. सडक भत्काएको, ६० हजार माछा बगेको, ३० लाख बराबरको क्षती, १० कट्ठा जमिन कटानी |
| | २०७७ | दुर्गौली ५ नं. टोल, ४ न.. टोल, १, २, ३ नं. टोल | १५० घर भत्केको, २० घर पुर्ण रुपमा क्षती, ५० घरमा आंसिंक क्षती, ९ घरमा पुर्ण क्षती, १५०० क्विन्टल धान, १०० क्विन्टल तोरी, १२०० क्विन्टल गहुँ बगेको, १ पोल्टी फर्म बगेको, २ बिगाहा जग्गा पटानी गरेको, १० कट्ठा जमिन पटानी |
| | २०७६ | तौरैयापुर | २५ वटा भैंडाहरु बगेका, २० वटा बाख्राहरु बगेको, २०० वटा कुखुराहरु बगेको, ६० वटा मोटरहरु |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | बगेका, २०० वटा कडी बगेको, ६० पटक दाउरा बगेको, १० बिगाहा जमिन कटान भएको, २०० रुखहरु ढलेको |
| | २०७५ | तोरैयापुर गाउँ | २५ घरहरु डुबानमा, ५ क्वीन्टल धानहरु बगेको, १ क्वीन्टल गहुँ बगेको, १० क्वीन्टल चामल बगेको, १२ वटा टि.भि बिग्रेको, २० वटा राइस कुकर बिग्रेको, ५ वटा मोटरसाइकल डुबेको, १ जनालाई चोटपटक लागेको ( खुट्टा भाँच्चिएको), |
| | २०७४ | बेलासपुर झसी तिनघरुवा | ३ घर बगाएको, २ लाखको काठ बगाएको, १० कट्टा जमिन कटानी |
| | २०७३ | धर्मापुर | १० घरहरु डुबानमा, १५ वटा सानो मोटर डुबानमा, १०० क्वीन्टल धानको डुबान भएको, ६ क्वीन्टल मसुरो भिजेको, ५ कट्टा खेत पटानि भएको |
| | २०७० | तोरैयापुर चौराहा | ६ वटा फर्महरु बगाएको, ४० जनाको हातखुट्टा भाँच्चिएको |
| | २०७० | धर्मापुर | काठको पुल बगेको (१ वटा), १७० क्वीन्टल धान बगेको, २०० क्वीन्टल गहँ' बगेको, २ वटा माछा पालन बगेको, ५ कट्टा खेत कटानि भएको |
| | २०६८ | तोरैयापुर गाउँ | १ घर बगाएको, १२ क्वीन्टल धानहरु बगेको, २ जनाको हातखुट्टा भाँच्चिएको, १२ कट्टा जमिन पटानि भएको |
| | २०६२ | गुजेरुवा नवलपुर | ३० घर बगाएको, नवलपुरको चौराहा घरदेखि २ नं क्षेत्रसम्म (२ कि.मि), ८०० वटा माछाहरु बगेको, ५०,४० क्वीन्टल धान, ३० क्वीन्टल लाहीे, २५ क्वीन्टल मसुरो र २ लाखको दाउरा बगेको, १.५ बिगाहा खेति वा जमिन बगेको, १.५ बिगाहामा पटानि भएको |
| | २०५८ | दुर्गौली ५ नं. टोल | २० घरमा क्षती, घरको जग भत्काएको, ३ वटा पसल बगाएको, ३ लाख बराबरको क्षती, १ जना घाईते |
| | | ४ नं. टोल | २ वटा बाख्रा बगेको |
| | | ३ न.. टोल | कञ्चनपुर जाने सडक २ किमि भत्केको, १० क्विन्टल धान बगाएको, २ लाख ५० हजार बराबरको क्षती, |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | ५ घरको बोरिङको मोटर बिग्रेको, १० कट्टा जमिन पटानी |
| | २०५० | तोरैयापुर | २५ घरहरु बगेको, ३० वटा गोठहरु बगेको, २ वटा कुखुरा फर्म बगेको, १० क्वीन्टल धानहरु बगेको, २५ लाख रुपैया बगेको, २० क्वीन्टल चामल बगेको, १५ क्वीन्टल तोरी बगेको, ३ जनाको हातखुट्टा भाँच्चिएको |
| आगलागी | २०७७ | धर्मापुर (उत्तर टोल) | १ बिगाहा धान जलेर नष्ट भएको (४० क्वीन्टल धान क्षति भएको |
| | २०७७ | तिक्लोया | २० हजार बराबरको पराल नस्ट |
| | २०७५ | तिक्लोया | २० वटा बाखा जलेर मरेको |
| | २०७४ | नवलपुर खेतमा | २० क्वीन्टल गहु जलेर नष्ट भएको |
| | २०७४ | तोरैयापुर चोक | ३ वटा घरहरु जलेको, २५ हजार नगद जलेको, १ तोला सुनचाँदि जलेको, ३ वटा लालपुर्जा जलेको, ३ वटा नागरिकता जलेको, ७ जनाको हात जलेको |
| | २०७४ | धर्मापुर (बिचका टोल) | २० क्वीन्टल धान जलेर नष्ट भएको |
| | २०७२ | बेलासपुर | २ घर जलेको, ६ लाख बराबरको क्षती |
| | २०७१ | धर्मापुर (स्कुल टोल) | १ वटा गोठ जलेको, ३ लाखको काठ जलेको |
| | २०६८ | गुजेरुवा | १ गोदाम घर जलेको, टिनको छाना उडाएको, भाँडाकुँडा तथा नगदेबाली जलेर नस्ट |
| | २०६७ | गुजेरुवा चौराहा | होटलमा आगलागी भएको, (५ लाखको क्षति भएको) |
| | २०६४ | | २ घरमा आगो लागेको, ३० हजार जलेको, ३० कवीन्टल अन्न जलेको |
| | २०६२ | तोरैयापुर चौराहा | ३ घरमा आगो लागेको, २ वटा डल्लप जलेको, १लाख ५० हजार रुपैंया नगद जलेको, १ तोला सुन, ५वटाको लालपुर्जा जलेको, १० जना नागरिकता, २ वटा बाखा जलेको, लुगा कपडाहरु जलेको, भाँडाकुडा |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | जलेको |
| | २०६२ | नवलपुर | १ घर तथा गोठ जलेको, १ लाख बराबरको भैंसि जलेर मरेको, १जनाको हात जलेर घाईते |
| | २०६२ | नवलपुर चौराहा | २ वटा घर जलेर नस्ट, २ घरको ५लाख बराबरको खाध्यान्न तथा अन्य सामान जलेर नष्ट भएको |
| | २०५२ | गुजेरुवा | कच्चि घरहरु १ जलेर नष्ट भएको, १ गोठ जलेर नष्ट भएका, १ लाखको क्षति, जलेर नष्ट भएको, ५० हजार बराबरको पशुपंक्षिहरु जलेर मरेको |
| | २०५० | तौरैयापुर पथरपुरुवा | ३ वटा घरहरु जलेर नष्ट भएको, २ वटा बाख्रा जलेको, १ वटा भैंसी जलेको, २ वटा गाई जलेको, १५ वटा टेबलहरु जलेको, २० वटा कुर्सी जलेको, १४ पलङ जलेको, ७ जनाको लालपुर्जा जलेको, लुगा कपडाहरु जलेको, १ तोला सुनचाँदि जलेको, ३ जनाको हात जलेको |
| शितलहर | २०७६ | दुर्गौली | २ लाख बराबरको आलु नस्ट |
| | २०७६ | तौरैयापुर | २०० क्वीन्टल आलु जलेको, ५ क्वीन्टल मसुरो जलेको, २ क्वीन्टल तोरी जलेको, २० क्वीन्टल टमाटर नष्ट भएको, १५० घरधुरीको आँपमा असर भएको, १५ क्वीन्टल केराउ जलेको, ५ क्वीन्टल मटर नोक्सान भएको, चिसेको कारण ७ जना मानिसको मृत्यु |
| | २०७० | तौरैयापुर | १० क्वीन्टल तोरी नोक्सान भएको, १२ क्वीन्टल मसुरो, १० क्वीन्टल केराउ नोक्सान भएको, १ फर्म कुखुरा नोक्सान (५०० ५), २ वटा बाख्रा मरेको, ३ जना मानिसको मृत्यु |
| हावाहुरी | २०७७ | बेलसपुर झप्टी | १० घरको छाना उडाएको, ३ लाख ५० हजार बराबरको क्षती |
| | २०७७ | बेलासपुर | १५ घरको छाना उडाएको, ४ लाख ५० हजार बराबरको क्षती |
| | २०७६ | बेलासपुर तिनघरुवा | १० घरको छाना उडाएको, ३ लाख बराबरको क्षती |
| | २०७५ | धर्मापुर | २५ वटा घरको छानो उडाएको, अन्नबाली क्षति, १०० क्वीन्टल गहुँ क्षति गरेको, २ बिगाहा तरकारी क्षति भएको |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | २०६८ | गुजेरुवा | गोदाम घर जलेको, टिनको छाना उडाएको, पर्खालहरु ढलेको, घरको छाना उडाएको, भाडाकुडाहरु नष्ट भएको, नगदेबालीमा आगलागी भएको (५ बिगाहा), १२ लाखको क्षति |
| | २०६८ | गुजेरुवा | ३०० वटा टिन फालेको, १५० वटा टायल |
| | २०६८ | गुजेरुवा | घरको टायल छाना उडाएको (५०० छाना, २०० टायल) |
| | २०६८ | धर्मापुर (बिचका टोल) | २० वटा घरको छानो बगाएको, अन्नबाली क्षति, ५० क्वीन्टल गहुँ क्षति गरेको, २० क्वीन्टल लाही नोक्सान भएको |
| | २०६२ | नवलपुर | घर जलेको, १ वटा गोठ जलेको, १ लाखको भैसी जलेर नष्ट भएको, १ जनाको हात जलेको |
| चटयाङ | २०७६ | धर्मापुर (उत्तर टोल) | १ वटा घरमा मिटरहरु जलेको, १६ वटा टि.भि क्षति भएको, १५ वटा मोटर क्षति भएको, २ वटा फ्रीज क्षति भएको |
| | २०७५ | तोरैयापुर | २० वटा मोटर बिग्रेको, १० वटा टि.भि बिग्रेको, ३० वटा घरको मीटर बक्स बिग्रेको, |
| | २०६६ | दुर्गौली जेठ | ५ जना घाईते, २ रुखमा क्षती |
| | | | वडा नं. २ |
| बाढी | २०७७, २०६८, २०७६, २०६१ | खगौंली, प्रागीपुर, फरेन्डा, मिलनपुर, प्रकृतिनगर, उत्तर वढरीया, दक्षिण वढरीया, दक्षिण पुरुवा, जानकीनगर, कटघर, पाल्कोट | कल्भर्ट, पक्की र काठको पुल गरी लगभग १३ वटा भत्काएको र बगाएको, ४६ घर भत्काएको, १० कि.मि कृषिवाटो भत्काएको, लगभग ३५० भन्दा वढी घरहरु डुवान भएको, विधालय भवन डुवान तथा भत्काएको आदी ।, १५००० क्वीनटल भन्दा वढी अन्नको (धान, गहुँ, दलहन) क्षती भएको, ८० लाख वरावरको क्षती भएको । पशु चौपाया (बाखा, गाई, गोरु, भैंसी, राँगा, कुखुरा, वंगुर) गरी ३५५ वटा क्षती भएको आदी ।, ४ जनालाई वाढीले वगाएको १३ जना भन्दा वढी घाईते भएको, ३५० भन्दा वढी घरधुरी दुषित खानेपानी पिउन वाध्य भएको, १२० जना भन्दा वढीमा झाडापखाला तथा हैजा लागेको, मानसिक तनाव भएको आदी ।, २५० विगाहा भन्दा वढी खेती योग्य जमिन कटान, पटान र डुवान |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | भएको, वन जंगल नष्ट, वाटोघाटो डुवान र कटान भएको, वातावरण प्रदुसित भएको आदी । |
| हुरीबतास | २०७५, २०६१ | वडा नं.२ का सवै वस्तीहरु | वर्षेनी कम्तीमा पनि ७० घर तथा गोठका छानाहरु उडाउने गरेको, ३५ वटा भन्दा वढी घरका भित्ताहरु भत्केको । २० लाख वरावरको अन्नवाली (गहुँ, तोरी र दलहन) नष्ट, पशु चौपायाहरु घाईते, १५० वटा भन्दा वढी कर्कटपाताहरु उडाएको, आदी । ६ जना सामान्य घाईते भएको । रुख विरुवा ढालेको, वनजंगल विनास, वातावरण प्रदुषण, आग लागी तथा डढेलोको जोखिम हुने गरेको आदी । |
| आगलागी | २०७५, २०६१ | पाल्कोट, कालीकापुर लगाएत सवै वस्तीहरु | २५ वटा घरगोठ जलेर नष्ट भएको, २० लाख वरावरको धनसम्पती जलेर नष्ट भएको, अन्नवाली जलेको आदी । पशुचौपायामा (बाखा, कुखुरा,हाँस, वंगुर) क्षती, ३ जना सामान्य घाईते भएको ।, वातावरण प्रदुषण भएको, खानेपानी दुषित भएको आदी । |
| खडेरी | २०४५ साल देखि हाल सम्म बर्षेनी | वडा नं.२ का सवै वस्तीहरु | ५० लाख वरावरको अन्नवालीमा क्षती, वडाका सवै घरधुरी प्रभावीत भएको ।, उत्पादनमा कमि, वालनालीमा रोगकिराको संक्रमण, उर्वरा शक्तिमा कमि |
| अशिना | २०७६, २०७५, २०७१, २०६३ | वडा नं.२ का सवै वस्तीहरु | घरका टायलहरु फुटेको, पशुचौपाया घाईते भएको आदी ।, २० बिगाह को अन्न बालीमा क्षती, १५ बाखाको मृत्यु, २००० हाँस र कुखुराको मृत्यु, फलफुलमा क्षती, वडाका सवै घरधुरी प्रभावीत भएको ।, उत्पादनमा कमि, वालनाली नष्ट र उर्वरा शक्तिमा कमि आदी । |
| शितलहर | २०५५ देखि हाल सम्म | जानकीनगर, कटघर लगाएत वडाका सवै वस्तीहरु | पशुचौपायहरु मर्ने तथा विरामीहुने गरेको, १० वटा बाखाको मृत्यु आदी ।, ५०बिगाहा भन्दा वढी खेती योग्य जमिनको अन्नवाली तथा तरकारी बाली नष्ट आदी ।, वडा नं २ मा १५ जना वृद्धवृद्धाको मृत्यु, बाल बच्चामा निमोनियाको समस्या, कष्टकर जिवन आदी ।, वातावरण प्रदुषण र घाम नलाग्ने आदी । |
| चटयाङ | २०६० देखि २०७८ सम्म | कालीकापुर, उत्तर बवरीया, जानकीनगर, कटघर लगाएतका वस्तीहरु | सोलार, टि.भि., मोटर, मोबाईल, टि.भि. को रिसिभर तथा चार्जरमा क्षती, १४वटा पशुचौपाया (वाखा, बंगुर र हाँस, कुखुरा) मरेको २ वटा भैंसी घाईते भएको ।, १० लाख वरावरको धनसम्पतिमा क्षती भएको ।, १ जना महिलाको मृत्यु, २ जना घाईते । |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| कोभिड १९ | २०७६ देखि हाल सम्म | वडा नं. २ मा रहेका क्वारेन्टाईन | करोडौको व्यापारव्यवसाय, धनसम्पति, जिविकोपार्जनमा क्षती।<br>५ जना विरामी भएको तर कोही नमरेको । |
| | | | वडा नं. ३ |
| बाढी | २०७७ श्रावण | लायकपुर | १२ वटा घर डुबानमा परेको, १ भान्सा बगाएको, ३०० मिटर सडक कटानी गरेको, ३५ क्विन्टल अन्नबालीमा क्षती, १००० कुखुराको चल्ला, २ वटा बाख्रा तथा ५०० पिस पोखरीको माछा बगाएर नस्ट गरेको, ४ बिगाहाको धानबालीमा क्षती, ४ बिगाहा जमिन पटानी गरेको |
| बाढी | २०७७ भाद्र | लायकपुर शिविर | १४ वटा घरको भित्ता बगाएको, ३५ घर डुवान भएको, ३ क्विन्टल अन्न बगाएको, १ लाख बराबरको किराना पसलको सामान नस्ट, २५० कुखुरा बगेका, ५०० पिस पोखरीको माछा बगाएको, अनुमानीत ३५ कट्टा जनिमको माटो बगाई खल्ला —खाल्डो) बनाएको |
| बाढी | २०७७ भाद्र | सुबर्णपुर | ५ वटा घर डुवानमा परि घरका भित्ता भत्केको, ४ क्विन्टल अन्नमा क्षती |
| बाढी | २०७७ भाद्र | लायकपुर शिविर जमरापारी | ९ वटा घर भत्काएको, ३ क्विन्टल अन्नको क्षती, ३ वटा कुखुरा बगाएको, खेलमैदानको जमिन कटान गरेको |
| बाढी | २०७७, २०७५, २०७४, २०६७, २०६५ भाद्र, असोज | भगतपुर | १०० क्विन्टल अन्नबाली बगाएर नस्ट गरेको, ३० बिगाहाको धानबाली पटानी, ३० बिगाहा जमिन पटानी |
| बाढी | २०७५। | लायकपुर शिविर जमरापारी | १ भत्केको तथा १ घर चर्केको, ५ क्विन्टल अन्नको क्षती |
| बाढी | २०७४ श्रावण | लायकपुर शिविर | २० वटा घरको भित्ता बगाएको, २०० वटा बोइलर कुखुरा बगेर मरेको, १ घरको भाँडा बगेको, २ क्विन्टल अन्न बगाएको, अनुमानीत ३५ कट्टा जनिमको माटो बगाई खल्ला —खाल्डो) बनाएको |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| बाढी | २०६९ श्रावण र भाद्र | लायकपुर शिविर | ६५ घरमा पानी पसेको, २५ घरधुरीको अन्नबाली तथा १५० कुखुरा बगेको, अनुमानीत ३५ कट्टा जनिमको माटो बगाई खल्ला —खाल्डो) बनाएको |
| बाढी | २०६६ असोज | लायकपुर शिविर (जमरा वारी) | अनुमानित १५ क्विन्टल काटेको धान बगाएको |
| बाढी | २०६५ दखि निरन्तर | लायकपुर | ३०० मिटर सडक कटानी गरेको, १० बिगाहा खेतीयोग्य जमिन कटानी गरेको तथा निरन्तर गरिरहेको। |
| बाढी | २०६३ भाद्र | भगतपुर | ११ वटा गोठ र भान्सा घर भत्केको, ६५ वटा बाख्रा, २०० वटा कुखुरा, ५ वटा गाईका बाच्छा तथा २०० क्विन्टल अन्नबाली बगाएको, २०० क्विन्टल अन्न हुने बाली पटान गरेको, ३ बिगाहा जग्गा कटानीको चपेटामा र हाल सम्म पनि निरन्तर, |
| बाढी | २०६२ कार्तिक | सुवर्णपुर | २० क्विन्टल धान बगाएको |
| बाढी | २०५८ कार्तिक | सुवर्णपुर | ३५-४० क्विन्टल धान बगाएको |
| जनावर आतंक | २०५८ साल देखि निरन्तर | लायकपुर शिविर | अनुमानित गाउँको ३ विगाहा जमिनमा लगाएको अन्नबाली तथा तरकारीमा वर्षेनी क्षती पुर्याउने गरेको |
| आगलागी | २०७७ कार्तिक | सुवर्णपुर | २ वटा घर जलेको, १ वटा भैंसी जलेर मरेको |
| आगलागी | २०७७ मंसिर | लायकपुर | १ गोठ तथा पराल जलेर नस्ट, २ वटा बाख्रा जलेर मरेको |
| आगलागी | २०७६ फाल्गुन | लायकपुर शिविर | १ घर जलेर सम्पुर्ण सामान सहित पुर्ण नस्ट, १ बंगुर तथा अन्नबाली जलेर नस्ट, १ जना जलेर घाईते भएको |
| आगलागी | २०७४ चैत्र | भगतपुर | १ घर जलेर सम्पुर्ण सामान सहित पुर्ण नस्ट, ३ लाख बराबरको क्षती भएको |
| आगलागी | २०७२ चैत्र | लायकपुर | १ गोठ तथा पराल जलेर नस्ट |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| आगलागी | २०६३ चैत्र | लायकपुर शिविर | १ घर जलेर सम्पुर्ण सामान सहित पुर्ण नस्ट, २ क्विन्टल अन्न तथा लुगा कपडा जलेको |
| शितलहर | २०७७ पुस देखि माघ सम्म | लायकपुर शिविर | सामुहिक खेती गरेको ३० क्विन्टल आलु तथा अन्नबाली नस्ट गरेको |
| शितलहर | २०७६ पुस | लायकपुर | ९ बिगाहामा रहेको तरकारी बालीमा क्षती |
| शितलहर | २०७४ पुस | लायकपुर | ८ बिगाहामा रहेको तरकारी बालीमा क्षती |
| शितलहर | २०६३ पुस देखि माघ सम्म | लायकपुर शिविर | सामुहिक खेती गरेको ९ तथा व्यक्तिगत २० क्विन्टल आलु तथा अन्नबाली नस्ट गरेको |
| हावाहुरी | २०७७ पुस | भगतपुर | २ वटा घरका छानाहरु उडाएको तथा भत्केको |
| हावाहुरी | २०७६ जेष्ठ | भगतपुर | १० वटा खरको छाना उडाएको |
| हावाहुरी | २०७६ बैशाख | लायकपुर | ३ वटा घरको छाना उडाएको, ६ क्विन्टल अन्नमा क्षती, ५ वटा रुख ढलेका |
| हावाहुरी | २०७६ श्रावण | सुवर्णपुर | १५ वटा घरका छानाहरु उडाएको |
| हावाहुरी | २०७२ जेष्ठ | सुवर्णपुर | १ वटा घरको भित्ता भत्केको |
| हावाहुरी | २०६७ जेष्ठ | लायकपुर शिविर (जमरा वारी) | १३ वटा घरका छानाहरु उडाएको, ४ वटा विद्युतको पोल ढालेको |
| हावाहुरी | २०६३ जेष्ठ | सुवर्णपुर | १५ वटा घरका छानाहरु उडाएको तथा भित्ता भत्केको, १६ क्विन्टल अन्न नोक्सानी भएको |
| हावाहुरी | २०५९ जेष्ठ | लायकपुर | १२ वटा घरको छाना उडाएको, २५ क्विन्टल अन्न नोक्सानी भएको, १५ वटा रुख ढलेको |
| सडक दुर्घटना | २०७७ मंसिर | लायकपुर | सवारी साधनमा क्षती, १ जना घाईते |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| सडक दुर्घटना | २०७५ जेष्ठ | भगतपुर | सवारी साधनमा क्षती, २ जनाको मृत्यु |
| सडक दुर्घटना | २०७४ साल देखि हाल सम्म | सुवर्णपुर | ९ जना घाईते |
| जनावर आतंक – छाडा पशु चौपाया | निरन्तर | भगतपुर | अनुमानीत १०० बिगाहामा लगाएको अन्नबालीमा क्षती पुर्याउने गरेको |
| जनावर आतंक – छाडा पशु चौपाया | २०७३ देखि निरन्तर | लायकपुर | अनुमानीत १०० बिगाहामा लगाएको अन्नबालीमा क्षती पुर्याउने गरेको |
| जनावर आतंक – छाडा पशु चौपाया | २०७१ देखि निरन्तर | सुवर्णपुर | अनुमानित ३०० क्विन्टल फल्ने अन्नबालीमा क्षती |
| चटयाङ | २०७५ माघ | भगतपुर | खेतमा भएका ३ वटा रुखमा क्षती |
| चटयाङ | २०७१ जेष्ठ | लायकपुर | १ जना घाईते |
| पशुपंक्षी महामारी | २०७७ पुस तथा माघ | लायकपुर | १००० कुखुरा मरेका, ३ वटा बाख्रा मरेका, १ राँगा मरेको, १ बंगुर मरेको |
| | | | वडा नं. ४ |
| बाढी | २०७७, २०७६, २०६१ | मुनुवा | १ काठको पुल बगाएको, २५० घर डुवानमा परेको, शिव पार्वती मन्दिर डुबान , मन्दिरको १ डि.जे. बाजा डुवानमा परेको, वडा कार्यलय डुवानमा परि दक्षिण तर्फको पर्खाल भत्काएको, विद्यालयका कापि किताब भिजेर नस्ट, ५ वटा पसलमा आंशिक क्षती, ५०० बिगाहा बराबरको अन्नबाली नष्ट गरेको, ३ वटा बाख्रा बगाएको, १ बङ्गुर बगाएको,े डुबानमा परि १ जनाको हात भाँचिएको, २ जना गहिरो चोट लागेको, ५ कट्ठा जमिन कटानी गरेको, २.६ बिगाहा जमिन पटानी गरेको, |
| बाढी | २०७७, २०७६, | बेलपुर | १ कि.मी. सडकको ग्राभेल बगाएको तथा भत्काएको, २ वटा घरमा पुर्ण क्षती, १० घरको पर्खाल |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | २०५१ | | बगाएको, स्वास्थ्य चौकीमा क्षती, मेलमिलाप बचत सहकारीमा क्षती, मन्दिरमा क्षती, स्वास्थ्यको १ वटा कम्प्युटर बगाएको, सहकारीको १ वटा कम्प्युटरमा क्षती, १ पसल डुबान हुँदा ३० हजार बराबरको क्षती, १.५ बिगाहा धानबाली पटानी गरेको, ५ बिगाहा १२ कट्टा धानबाली डुबानमा परि नष्ट भएको, १ जनालाई सामान्य चोट लागेको, २६ कट्टा जमिन कटान गरेको |
| बाढी | २०७७, २०६०, २०५८ | कञ्चनपुर | १०० मिटर सडकको ग्राभेल बगाएको, ५ क्विन्टल धान नस्ट, २ वटा पानी तान्ने मोटर बिग्रेको |
| बाढी | २०७७, २०७५, २०६१ | कञ्चनपुर | ५० घर पुर्ण डुबान, २ कि.मि. रोडको ग्राभेल बगाएको, २ बिगाहा धान पटानी, ३ क्विन्टल तोरी, ३० क्विनटल धान, ५ क्विन्टल मसुरो तथा १० क्विन्टल नस्ट गरेको, ३ वटा कुखुरा बगाएको, १ जनाको हात भाँचिएको, ५० जनालाई सामान्य चोटपटक लागेको, २ बिगाह जमिन पटानी |
| बाढी | २०७७, २०६०, २०५० | गिरधरपुर | ३२ घर डुबान, १०० मिटर सडक कटान, ३२ घरको ३२० क्विन्टल धान तथा ८० क्विन्टल गहुँ क्षती, १० कट्टा धान बाली पटानी, १ महिलाको मृत्यु, कुलरिया नदिको छेउको ३ कट्टा जग्गा कटानी |
| हावाहुरी | २०७७, २०७६, २०६१ | मुनुवा | २० घरको छानामा लगाएको टायल फुटाएर नोक्सान बनायो, चोरी डकैती गरेको, १ लाख बराबरको चोरी, छाना उडाउँदा ५० हजार बराबरको क्षती, मानिस घाईते, ४ वडा रुख ढलेको |
| हावाहुरी | २०७७, २०७६, २०६८, २०६७, २०६० | गिरधरपुर | १५ घरको छाना उडाएको, २० घरको गोठ उडाएको, रु. १५००० बराबरको मकै, रु १०००० बराबरको गहुँ बालीमा क्षती, ५ जना घाईते, ५ रुख ढलेको |
| हावाहुरी | २०७७, २०७६, २०६०, २०५० | कञ्चनपुर | १५ घरको छाना उडाएको, १० घरको टायल उडाएको, २ घरमा हावाहुरीले रुख ढलेर आंसिक क्षती पुर्याएको, ५ रुख ढलेका |
| हावाहुरी | २०७३ | बेलपुर | ५० घरको टिन उडाएको, राम जानकी मन्दिरको छाना उडाएको |
| अशिना | २०७७, २०७०, | गिरधरपुर | ३२ घरको १ बिगाहा तोरी, ३ बिगाहा गहुँ, १० कट्टा मसुरोमा क्षती, ५ वटा बाखा मरेका, बोट |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | २०६०, २०५० | | विरुवामा क्षती |
| अशिना | २०७६, २०७५, २०७४, २०७०, २०५० | मुनुवा | १ घरको टायल फोडेको, ५०० बिगाहामा लगाएको गहुँ, ३०० बिगाहामा लगाएको लाही, १०० बिगाहमा लगाएको मसुरो नष्ट गरेको, |
| अशिना | २०७६, २०७५, २०७१, २०६३ | कञ्चनपुर | १ बिगाह तरकारी बालीमा क्षती, ३ बिगाहा तोरी बालीमा क्षती, १० बाख्राको मृत्यु, २००० कुखुराको मृत्यु, फलफुलमा क्षती |
| अशिना | २०७४, २०६०, २०५० | कञ्चनपुर | २ बिगाहा आलु, १० बिगाह तोरी, ५ बिगाह मसुरो नस्ट |
| अशिना | २०७२ | बेलपुर | २ घरको छानाको टायल फुटाएको, १२ बिगाहमा लगाएको तोरीबालीमा क्षती |
| चट्याङ | २०७६, २०६० | कञ्चनपुर | १ सोलार, १ टि.भि., ३ मोटर, २ वटा मोबाईल, टि.भि. को रिसिभर तथा चार्जरमा क्षती, ३ कट्ठामा लगाएको धानबाली सुकेको |
| चट्याङ | २०७६, २०७५, २०७३, २०६१ | कञ्चनपुर | २ वटा घरको छानामा क्षती, १ सोलार, १ टि.भि., १ रेडियो बिग्रेको, १ रुख सुकेको |
| चट्याङ | २०७२, २०५३ | कञ्चनपुर | ४ वटा बाख्राहरु मरेको, १ रेडियो बिग्रिइएको, १ जना घाईते, २ वटा रुख सुकेको |
| चट्याङ | २०७२ | गिरधरपुर | १ रुख सुकेको |
| चट्याङ | २०५२, २०५० | मुनुवा | १ घरको भित्ता चर्काएको, सामसुन्दरको एउटा गाई मरेको, १ महिला र १ पुरुषको मृत्यु |
| शितलहर | २०७७, २०७६ | कञ्चनपुर | ५ बिगाह आलु, १५ कट्ठा तरकारी नस्ट, २० बाख्रा मरेका, २५० मानिस प्रभावित |
| शितलहर | २०७७, २०७०, २०५५ | मुनुवा | ५ बिगाहामा लगाएको तरकारी बाली नष्ट, १० वटा बाख्राको मृत्यु, अत्याधिक चिसोको कारण ५ जनाको मृत्यु, बाल बच्चामा निमोनियाको समस्या |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| शितलहर | २०७७, २०७०, २०६०, २०५० | कञ्चनपुर | २५ वटा बाखाका बच्चा –पाठापाठी) मरेका, ५ बिगाहा आलुबाली नस्ट, २५ कट्ठामा लगाएको फलफुल नस्ट, ३ बिगाह तरकारी तथा ६ बिगाह तोरीबाली नस्ट, अत्याधिक चिसोको कारण १० जना बालबालीका तथा १६ जना वृद्धको मृत्यु |
| शितलहर | २०७६ | बेलपुर | १ बिगाहामा लगाएको आलु तथा २ बिगाहमा लगाएको तोरी तथा मसुरो नस्ट भएको । |
| शितलहर | २०६०, २०५५, २०५० | गिरधरपुर | तरकारी बालीमा क्षती, बालक तथा वृद्धहरु प्रभावित |
| पशुपंक्षी महामारी | २०७७ | बेलपुर | १०० घरको १००० कुखुरा मरेको, ५ वटा बाखा मरेको |
| पशुपंक्षी महामारी | २०७७, २०७६ | मुनुवा | २०० घरका ६०० कुखुराहरु मरेको |
| पशुपंक्षी महामारी | २०७७ | कञ्चनपुर | ५००० कुखुराका चल्ला मरेका |
| आगलागी | २०७७, २०६४ | मुनुवा | ३ ट्राली पराल जलेर नष्ट, बिजुलीको तार जलेको, ५ बिगाहा सम्म अन्नबाली जलेको, २ जना लाई सामान्य चोट लागेको |
| आगलागी | २०७६, २०७५, २०७४ | कञ्चनपुर | १ घर जलेर नस्ट, १५ कट्ठामा लगाएको धानबाली तथा १० ट्राली पराल जलेर नस्ट, २ जना घाईते ४ रुख जलेको |
| आगलागी | २०७१, २०७० | कञ्चनपुर | १ घर जलेर पुर्ण नस्ट, गाउँको देउथान जलेर पुर्ण क्षती, ८ ट्राली पराल जलेर नस्ट |
| आगलागी | २०६२ | गिरधरपुर | १५ घर जलेर नस्ट, २० क्विन्टल चामल, १२ क्विन्टल गहुँ, १५ क्विन्टल तोरी तथा नगद २० हजारका साथै सम्पुर्ण सामान जलेर नस्ट, १२ घरका लुगाकपडा तथा ६ वटा फर्निचर जलेको, आगो निभाउने क्रममा २० जना घाईते, आगलागीमा परि २ जना घाईते, ३ रुख जलेको |
| आगलागी | २०५२ | बेलपुर | १ घर जलेर पुर्ण रुपमा क्षती, ३० हजार बराबरको अन्नबाली जलेको, २ जना घाईते |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| जनावर आतंक | २०७५ बाट निरन्तर | कञ्चनपुर | ५० बिगाह धानबाली, ७० बिगाह गहुँबाली, १० बिगाह मकैबाली, १ बिगाह मसुरो, २ बिगाह तरकारी तथा ५ बिगाह तोरी बालीमा क्षती |
| जनावर आतंक | २०७५ बाट निरन्तर | गिरधरपुर | ३२ घर प्रभावित, ३२ घरको धान, गहुँ, तोरी तथा मकैमा क्षती |
| जनावर आतंक | २०७३ बाट निरन्तर | बेलपुर | २५ बिगाहामा लगाएको धानबाली तथा १५ बिगाहामा लगाएको गहुँबालीमा क्षती पुर्याएको, १० हजार बराबरको तरकारी सखाप पारेको |
| जनावर आतंक | २०७३ बाट निरन्तर | मुनुवा | १० बिगाह गहुँ बाली तथा २० बिगाहा धानबालीम क्षती पुर्याएको, तरकारी तथा फलफुलबाली नष्ट |
| जनावर आतंक | २०७३ बाट निरन्तर | कञ्चनपुर | २५ बिगाह धान, १५ बिगाह गहुँ, ५ बिगाह मसुरो, २० बिगाह तोरी तथा १ बिगाह मकैमा क्षती |
| सर्पदंस | २०७४, २०७० | मुनुवा | १ जनाको मृत्यु |
| सर्पदंस | २०६६ | बेलपुर | १ जना महिला रेखा चौधरी र १ जना पुरुष ठग्गु चौधरीको मृत्यु भएको |
| खडेरी | २०७७, २०७५ | कञ्चनपुर | ३ बिगाहमा लगाएको बाली सुकेको |
| खडेरी | २०७७, २०५७ | मुनुवा | ३० बिगाहा बराबरको अन्नबाली सुकेर नष्ट, समुदायमा भोकमरी श्रृजना भएको |
| खडेरी | २०७२, २०६४ | कञ्चनपुर | १००० क्विन्टल फल्ने धानबाली, २५ क्विन्टल फल्ने केराउ बाली सुकेको, ३० बिगाह केराखेतीमा, २०० बिगाह जमिन सुकेर चिरा परेको, अनुमानीत ५००० बिरुवा सुकेका |
| खडेरी | निरन्तर | बेलपुर | १० बिगाहा धानबाली नस्ट |
| भुकम्प | २०७२ | मुनुवा | ५ वटा घरमा क्षती |
| भुकम्प | २०७२ | कञ्चनपुर | १ घरमा क्षती |
| सडक दुर्घटना | २०७६ | बेलपुर | १ जना बच्चा मृत्यु |

| विपद् | साल र महिना | स्थान | क्षतीको विवरण |
|---|---|---|---|
| | | | वडा नं. ५ |
यो विषयक्षेत्रले विपद् पूर्व वा विपद्को अवस्थामा पीडितहरूलाई तत्काल आवश्यक पर्ने खानेपानी, सुक्खा खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल, मसला आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका ११. खाद्य तथा कृषि बिषयगत क्षेत्रका सदस्यहरु*

| क्र. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | कृषि विकास शाखा | लालबिर चौधरी | संयोजक | ९८६८४३१०९५ |
| २ | पशु सेवा शाखा | नर कार्की | सदस्य | ९८४८६१६९३६ |
| ३ | जिन्सी शाखा | राज कुमार चौधरी | सदस्य | ९८४८४६७२९६ |
| ४ | प्रशासन शाखा | सन्तराम कठरिया | सदस्य | ९८६८४७८६३१ |
| ५ | नेपाल रेडक्रस सोसाइटी जानकी उपशाखा | भरत बहादुर थापा | सदस्य | ९८४८४५०५९९ |
| ६ | दिगो विकास समाज, भजनी | श्रेया बुढा | सदस्य | ९८६८४३२९२५ |
| ७ | बाल कल्याण संघ, टीकापुर | राम लाल चौधरी | सदस्य | ९८६८७६८३४५ |

### २.८.३ स्वास्थ्य तथा पोषण क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्वन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १२. स्वास्थ्य तथा पोषण बिषयगत क्षेत्रका सदस्यहरु*

| क्र. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | जित बहादुर चौधरी | संयोजक | ९८४८६३९८२६ |
| २ | महिला तथा बालबालिका शाखा | यमुना विष्ट | सदस्य | ९८४८५०००९९ |
| ३ | हेल्थ पोस्ट मुनुवा | हेमराज बुढा | सदस्य | ९८६५७५७५०७ |
| ४ | हेल्थ पोस्ट जानकीनगर | शंकर प्रसाद शर्मा | सदस्य | ९८४८५००९२६ |
| ५ | हेल्थ पोस्ट दुर्गौली | पदम परियार | सदस्य | ९८४८४६५५९६ |
| ६ | हेल्थ पोस्ट पथरैया | मिन बि,क. | सदस्य | ९८५८४२१८६१ |

### २.८.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्को अवस्थामा खानेपानी आपूर्ति गर्ने, विपद्का कारण ढलेका बोटबिरूवाहरू हटाउने, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरू सरसफाई गर्ने, मरेका पशुपंक्षीहरूको व्यवस्थापन गर्ने, व्यक्तिगत सरसफाईको लागि स्वच्छता सम्बन्धी सरसामानहरू हाईजिन किट, पियुष, क्लोरिन, डस्टविन, सेनी, अस्थाई शौचालय, खानेपानी टयांकी आदिको व्यवस्थापन गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १३. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन बिषयगत क्षेत्रका सदस्यहरु*

| क्र. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | खानेपानी, सरसफाई एकाई | मदन बडुवाल | संयोजक | ९८४८७३७०७७ |
| २ | जिन्सी शाखा | राज कुमार चौधरी | सदस्य | ९८४८४६७२९६ |
| ३ | योजना शाखा | योगेन्द्र शाही | सदस्य | ९८४८४९४५३५ |
| ४ | पशु सेवा शाखा | नर कार्की | सदस्य | ९८४८६१६९३६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वास्थ्य शाखा | जित बहादुरचौधरी | सदस्य | ९८४८६३९८२६ |
| ६ | नेपाल रेडक्रस सोसाइटी जानकी उपशाखा | भरत बहादुर थापा | सदस्य | ९८४८४५०५९९ |

### २.८.५ आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर-खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १४. आपत्कालीन आश्रय तथा गैर-खाद्य सामग्री बिषयगत क्षेत्रका सदस्यहरु*

| क. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | सामाजिक विकास शाखा | हिरालाल चौधरी | संयोजक | ९८१४६८०१६० |
| २ | प्रशासन शाखा | सन्तराम कठरिया | सदस्य | ९८६८४७८६३१ |
| ३ | जिन्सी | राज कुमार चौधरी | सदस्य | ९८४८४६७२९६ |
| ४ | रोजगार सेवा केन्द्र | तप्त अधिकारी | सदस्य | ९८४९५४२६९२ |
| ५ | नेपाल रेडक्रस सोसाइटी जानकी उपशाखा | भरत बहादुर थापा | सदस्य | ९८४८४५०५९९ |
| ६ | बजार व्यवस्थापन समिति | चन्द्रभान बम | सदस्य | ९८४८४६००५५ |

### २.८.६ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १५. संरक्षण तथा सूरक्षा बिषयगत क्षेत्रका सदस्यहरु*

| क. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | महिला तथा बालबालिका शाखा | यमुना विष्ट | संयोजक | ९८४८५०००९९ |
| २ | सामाजिक विकास शाखा | हिरालाल चौधरी | सदस्य | ९८१४६८०१६० |
| ३ | स्वास्थ्य शाखा | जित बहादुर चौधरी | सदस्य | ९८४८६३९८२६ |

| क. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| ४ | नेपाल प्रहरी (अमरावती) | तिर्थ बहादुर खड्का | सदस्य | ९८५८४९०३३१ |
| ५ | नेपाल प्रहरी (तोरैयापुर) | कृष्णदत्त जोशी | सदस्य | ९८५८४९०९५३ |
| ६ | नेपाल रेडक्रस सोसाइटी जानकी उपशाखा | भरत बहादुर थापा | सदस्य | ९८४८४५०५९९ |
| ७ | सामाजिक विकासकालागि सचेत समाज | भरत विक | सदस्य | ९७४८२२३१०७ |
| ८ | सामि परियोजना | सुनिता चौधरी | सदस्य | ९८४८४०३४९५ |
| ९ | अपांगता समनव्य समिति | आशाराम चौधरी | सदस्य | ९८४८५१८२५० |
| १० | सि.एम.सि. नेपाल | आरती चौधरी | सदस्य | ९८४७१३३५१३ |

### २.८.७ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १६. आपत्कालीन शिक्षा बिषयगत क्षेत्रका सदस्यहरु*

| क. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | धर्मानन्द कपाडी | संयोजक | ९८६५८०८६४० |
| २ | शिक्षा शाखा | शंकर प्रसाद न्यौपाने | सदस्य | ९८४८५०१०८४ |
| ३ | बाल कल्याण संघ | तुलसी भाट | सदस्य | ९८४३०८७३५१ |

### २.८.८ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ। यस बिषयगत क्षेत्रका सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

*तालिका १७. शीघ्र पुनर्लाभ बिषयगत क्षेत्रका सदस्यहरु*

| क. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा योजना शाखा | योगेन्द्र शाही | संयोजक | ९८४८४९४५३५ |

| क्र. स. | निकाय तथा संस्था | नाम | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| २ | प्रशासन  शाखा | सन्तराम कठरिया | सदस्य | ९८६८४७८६३१ |
| ३ | सामाजिक विकास शाखा | हिरालाल चौधरी | सदस्य | ९८१४६८०१६० |
| ४ | खानेपानी, सरसफाई एकाई | मदन बडुवाल | सदस्य | ९८४८७३७०७७ |
| ५ | नेपाल रेडक्रस सोसाइटी जानकी उपशाखा | भरत बहादुर थापा | सदस्य | ९८४८४५०५९९ |
| ६ | विद्युत कार्यालय | रमेश चौधरी | सदस्य | ९८४५४६८७१७ |

## परिच्छेद-३: पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन्। यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो। विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छ।

#### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका १८. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | वैशाख महिना भित्र | गाउँपालिकास्तर | प्रत्येक आर्थिक वर्षमा | विपद् व्यवस्थापन समिति |
| २ | विपद्को क्षति, नोक्सानी मूल्याङ्कनको लागि वडा स्तरीय सर्वेक्षण टोली गठन र पुनर्गठन गर्ने र आवश्यकता बमोजिम सर्वेक्षणका लागि सहायक टोलीहरू गठन गर्ने र तालिमको आयोजना गर्ने | प्रत्येक वर्ष मनसुन शुरु हुनु पूर्व | गाउँपालिका र<br>हरेक वडामा | गाउँपालिकामा एक र हरेक वडामा एक एक गरि जम्मा १० वटा | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति |
| ३ | प्रारम्भिक द्रुत लेखाजोखा, क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने | प्रत्येक वर्ष वैशाख महिनामा | गाउँपालिका र वडामा | २५०० प्रति | सामाजिक विकास शाखा<br>तथा वडा स्तरमा |
| ४ | राहत वितरणका लागि सिफारिस | प्रत्येक | गाउँपालिका र | २५०० प्रति | वातावरण तथा |

| क.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | फाराम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | वर्ष वैशाख महिनामा | वडामा | | विपद् व्यवस्थापन शाखा |
| ५ | प्रकोपको प्रकृति अनुसार खोज तथा उद्धारका लागि टोली गठन गर्ने | प्रत्येक वर्ष वैशाख सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा,वडा कार्यालय, विषयक्षेत्र |
| ६ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष वैशाख सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, सूरक्षा निकाय, विषयक्षेत्र |
| ७ | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | पालिका र वडा स्तरमा | हरेक वडामा कम्तिमा एक सेट | स्थानीय/वडा स्तरीय विपद् व्यवस्थापन समिति/संघसंस्था |
| ८ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | वडास्तर<br>पालिका स्तरमा | १ वटा एम्बुलेन्स<br>१ वटा टिपर | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा, स्वास्थ, प्रशासन तथा जिन्सी शाखा |
| ९ | बाढी र भूकम्पबाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | पालिका स्तर<br>वडा स्तरमा | हरेक वडामा<br>आवश्यकता अनुसार | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| १० | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | वडा स्तरमा | प्रत्येक वडामा | वन वातावरण तथा विपद् व्यवस्थापन/सामाजिक वि.शाखा |
| ११ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक | तत्काल सुरु गरी | वडा स्तरमा | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, स्वास्थ्य शाखा वडा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने (खानेपानी, बिद्युत, प्राथमिक उपचार, स्वास्थ्य सेवा) | निरन्तर | | | कार्यालय, विषयक्षेत्र |
| १२ | प्रकोपबाट समुदायलाई बचाउन आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने | प्रत्येक आर्थिक वर्षमा | जोखिममा रहेको समुदाय नजिक | वडाको आवश्यकता अनुसार | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा |
| १३ | बाढी, शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायका बारेमा स्थानीय क्लब, स्वयंसेविका, वरघर, चिरागी प्रयोग गरि माईकिङ, जनचेतनामूलक कार्यक्रम, रेडियो, पत्रपत्रिका र LEOC मार्फत जानकारी दिने | निरन्तर | पालिका स्तर वडा स्तरमा | प्रकोपको सम्भावित समय अगावै कम्तिमा ३ पटक | वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय |
| १४ | मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरू (जस्तैः जङ्गली हात्ती, बनेल, बादर आदि) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई तत्काल सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | सम्भव भएसम्म वस्तीस्तर | हरेक वडामा एक | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, सामुदायिक वन |
| १५ | विपद्को पूर्वतयारी तथा प्रतिकार्यलाइ प्रभावकारी बनाउन प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने-गराउने | हरेक सिजन सुरु हुनु पहिले | गाउँपालिका वा वडा स्तरमा | हरेक प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस, गैर सरकारी संघ संस्था |

### ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका १९. खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | गाउँपालिकास्तर | आवश्यकता अनुसार वर्षको १ पटक | कृषि शाखा, विषयक्षेत्र, बजार व्यवस्थापन समिति |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री चामल, दाल, तेल, नुन आदि भण्डारण गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिकास्तर | आवश्यकता अनुसार वर्षको १ पटक | कृषि शाखा, विषयक्षेत्र, स्थानीय समुदाय |
| ३ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका र वडास्तर | कम्तिमा २ वटा ठूला पसल वा उद्योग | कृषि शाखा, वडा कार्यालय, बजार व्यवस्थापन समिति, खाद्य भण्डार केन्द्र |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका-प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल तथा कृत्रिम घटना अभ्यास गर्ने | हरेक सिजन सुरु हुनु पहिले | गाउँपालिका वा वडास्तरमा | हरेक प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | कृषि शाखा, विषयक्षेत्र सदस्यहरु |
| ५ | बाढीको बाली बिमा अभिमुखीकरण कार्यक्रम मार्फत समुदायमा बाढीबाट हुने क्षति जोखिम बिमा कम्पनीमा हस्तान्तरण गर्ने | असार मसान्त पूर्व | वडा/प्रभावित समुदाय | जोखिमयुक्त १००० घरधुरी | कृषि शाखा, बिमा कम्पनी, बिषयगत समिति |

### ३.१.३ स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने स्वास्थ्य तथा पोषण विषयक्षेत्रको सामान्य पूर्वतयारी तथा पूर्वकार्य सम्बन्धीको योजना देहायअनुसार तर्जुमा गरिएको छ।

*तालिका २०. स्वास्थ्य तथा पोषण क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने | हरेक महिना, औषधिको गुण अनुसार | स्वास्थ्य इकाई/चौकी | अवस्था हेरी कम्तिमा २००० जनाको लागि | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | गाउँपालिका/ वडा स्तर | वर्षमा १ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र वडा कार्यालय |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने | आवश्यकता अनुसार तत्कालै | गाउँपालिका र वडा स्तरमा | पालिका स्तर :४० जना वडास्तर : १५ जना | पालिका, स्वास्थ्य शाखा, स्वयम्सेविका, वडा |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | आवश्यकता अनुसार हरेक वडामा १ जना | स्वास्थ्य शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड-१९ महाव्याधी लगायत अन्य महामारीको रोकथाम, नियन्त्रण र परीक्षण तथा उपचार सम्बन्धी प्रचार प्रसार तथा जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | नियमित | हरेक वडाका जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा २ पटक | स्वास्थ्य शाखा, विषयक्षेत्र लगायत वडा कार्यालय |

### ३.१.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने खानेपानी, सरसफाई र स्वच्छता विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २१. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने साथै प्रयोग गर्ने बिधिका सम्बन्धमा अभिमुखीकारण गर्ने | प्रकोपको जोखिम अनुसार हरेक सिजन | गाउँपालिका र वडा स्तरमा | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र, स्वास्थ्य शाखा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको अगावै जोखिम अनुसार | गाउँपालिका स्तर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई, स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ३ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत गरी चालु अवस्थामा राख्ने। | प्रकोपको जोखिम अनुसार हरेक सिजन | गाउँपालिका स्तर | आवश्यकता अनुसार | खानेपानी तथा सरसफाई शाखा, विषयक्षेत्र |
| ४ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने साथै उच्च धारा/नालकाहरु आवश्यकता अनुसार नयाँ निर्माण गर्ने। | निरन्तर | वडा तथा समुदायस्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाई शाखा, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |

### ३.१.५ आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २२. आपत्कालीन आश्रय र गैरखाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। | हरेक सिजन सुरु हुनु भन्दा अगाडी | पालिकास्तर सबै वडास्तरमा | १००० घरधुरीका लागि | नेपाल रेडक्रस सोसाईटीको र अन्य सहयोगी निकायको सहयोगमा पूर्वाधार विकास शाखा, विपद् शाखा |
| २ | सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने। | हरेक सिजन सुरु हुनु भन्दा अगाडी | थोक विक्रेता स्थानीय तह | १००० घरधुरीका लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाईटी |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ३ | अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने। | निरन्तर | सबै वडामा | १००० घरधुरीका लागि | पूर्वाधार विकास शाखा र वडा कार्यालय |
| ४ | गैर–खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। | निरन्तर | रेडक्रसको गोदाम/पालिका | १००० घरधुरीका लागि | गाउँपालिका, वडा कार्ययिल, नेपाल रेडक्रस सोसाईटी, |
| ५ | विपद् प्रभावित स्थान वा अस्थाई शिबिर खडा गर्नु पर्ने स्थान सम्म सरसामान तथा औजारहरु लैजान सवारी साधनको प्रवन्ध गर्ने। | निरन्तर | गाउँपालिका | कम्तीमा २ वटा | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ६ | अस्थायी आश्रय वा बास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने | हरेक सिजन सुरुहुनु भन्दा अगाडी | वडास्तर | हरेक वडामा | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.६ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २३. संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तथा पम्प्लेट तयार एवम् प्रकाशन गर्ने। | निरन्तर | गाउँपालिकास्तर | कम्तिमा १५०० प्रति | गाउँपालिका महिला तथा बालबालिका शाखा |
| २ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू डिग्निटि किट खरिद र भण्डारण गर्ने। | निरन्तर | गाउँपालिका गोदाम घरहरू | कम्तिमा ५०० थ्यान | महिला तथा बालबालिका, स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने। | तत्काल | गाउँपालिका स्तर | १ पटक | महिला तथा बालबालिका शाखा |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ४ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने। | प्रत्येक वर्ष १ पटक | वडास्तरमा | विद्यालयः १ शिक्षक र वडाबाट २ जना महिला स्वयंसेविका | शिक्षा र स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ५ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगाडी | गाउँपालिका वडास्तरमा | कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

### ३.१.७ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपतकालिन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २४. आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, पहिरो, हावाहुरी, शीतलहरले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | वडास्तरमा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने। | निरन्तर | गाउँपालिका नगरस्तर | ९ वटा विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ३ | विभिन्न प्रकोप बाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | विद्यालयस्तरमा | ९ वटा विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ४ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने। | निरन्तर | गाउँपालिका वडास्तर विद्यालयस्तर | ४० विद्यालय र एफ.एम.बाट कम्तिमा १ महिना | वन वातावरण तथा विपद् व्यवस्थापन शाखा, शिक्षा शाखा, सम्बन्धित विद्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | (प्रकोपमा केन्द्रित) | |
| ५ | प्रकोपले प्रभावित गर्ने सम्भावना भएको जानकारी प्राप्त भएमा विद्यालयमा पठनपाठन चलिरहेको बेला विद्यार्थी र शिक्षकले गर्ने क्रियाकलापहरु समेटी आपतकालीन अवस्थाको लागि योजना तथा कार्यविधि निर्माण गर्ने | निरन्तर | विद्यालयस्तर | ४० वटा विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

### ३.१.८ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २५. शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना*

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र हातेपम्प व्यवस्था गर्ने। | निरन्तर | वडास्तर | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | गाउँपालिकास्तर, वडास्तर | गाउँपालिका स्तरमा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र, बिद्युत कार्यालय, खानेपानी समिति |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | गाउँपालिकास्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, | विपद् | गाउँपालिकास्तर | प्रभावित | स्थानीय विपद् |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | पश्चात तत्काल | | समूदायमा | व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, उद्योग वाणिज्य संघ |

## ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ। बाढी लगायत अन्य प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गाउँपालिकाबाट गर्न सकिने पूर्वकार्य क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छ।

### ३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने मौसम सम्बन्धिको ३ दिने पूर्वानुमान प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको गर्नुपर्ने पूर्वानूमानमा आधारित पूर्वतयारी तथा पूर्वकार्य योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २६. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | वर्षा र हावाहुरीको पूर्वानुमान सम्बन्धी सूचना जल तथा मौसम विज्ञान विभाग (सिधै/वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानदप्रदान गर्ने। | बाढीः माघ-कार्तिक<br>हावाहुरीः माघ-असार | गाउँपालिका | दिनमा कम्तिमा १ पटक वा आवश्यकता अनुसार | स्थानीय आपत्कालित कार्यसञ्चालन केन्द्र |
| २ | अत्यधिक वर्षा भई बाढी आउनसक्ने अवस्था वा खराव मौसमको कारण | पूर्वानुमान प्राप्त भए | गाउँपालिकाबाट समुदायसम्म | पूर्वानुमानको खवर पश्चात | विपद् सम्पर्क व्यक्ति, वडा |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | हावाहुरी आउनसक्ने सम्भावना भएमा सूचना जारी गर्ने। आपत्कालीन अवस्थामा अपनाउन पर्ने कार्यबिधिको सन्देश प्रशारण गर्ने। | लगतै | पहुँच हुनेगरी | दिनमा कम्तिमा ४ पटक | कार्यालय |
| ३ | विपद् बाट क्षति हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने। | ३ दिन अगाडी | गाउँपालिका | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति |
| ४ | विपद् हुनसक्ने पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् प्रभावित हुनसक्ने समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने। | ७२ घण्टाको पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँपालिकाका सबै वडामा | जोखिममा रहेका सबै समुदाय | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ५ | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई तयारी अवस्थामा राख्ने। | ७२ घण्टाको पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँपालिका स्तरमा | प्रत्येक वडामा १ टोलि | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |

### ३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा मौसम सम्बन्धिको ३ दिने पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी तथा पूर्वकार्य योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २७. खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको तयारीका लागि समन्वयात्मक बैठक बस्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि कम्तिमा १ पटक | कृषि शाखा, विषयक्षेत्र |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २ | भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि एक पटक | कृषि शाखा |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू ढुवानीका लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि शाखा, विषयक्षेत्र |

### ३.२.३ स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २८. स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावनाको पूर्वानुमानको सूचना प्राप्त भएपछि आवश्यक परिचालनका लागि विषयक्षेत्रको समन्वयात्मक बैठक बसी मौसम पूर्वानुमानमा आधारित पूर्वकार्य योजना लागू गर्ने । | ३ दिने पूर्वानुमानको जानकारी पश्चात तत्काल | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि कम्तिमा १ पटक र आवश्यकता अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| २ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा उपकरण निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३ | प्राथमिक उपचार र स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र स्वास्थ्य स्वयम्सेविका |
| ४ | कोभिड-१९ लगायतका महामारीबाट सुरक्षित रहन र सतर्कता अपनाउने उपाय बारे स्थानीय टेलिभिजन, एफ.एम. | ३ दिने पूर्वानूमानको जानकारी | वडा र समुदायस्तर | प्रकोपको आधारमा निरन्तर | गाउँपालिका, स्वास्थ्य शाखा, सूचना तथा प्रविधि |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | रेडियो र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रसारण र जानकारी प्रवाह गर्ने। | प्रश्चात | | गर्ने | शाखा र विषयक्षेत्र |

### ३.२.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका २९. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालन हुनकाका लागि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | सामाजिक विकास शाखा र विषयक्षेत्र |
| २ | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधिको स्टक निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | खानेपानी तथा सरसफाई शाखा र विषयक्षेत्र |
| ३ | सरसफाईका लागि परिचालन हुनु पर्ने जनशक्ति, सवारी साधन र उपकरणहरू तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ४ | विपद् प्रभावित स्थानमा खानेपानी वितरण र सरसफाईका लागि परिचालित हुन विषयगत क्षेत्रका सदस्यहरूलाई तैयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.२.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपतकालिन आश्रय र गैर खाद्य सामागी क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी तथा पूर्वकार्य योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३०. आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |
| २ | पूर्वानुमानको अवस्था हेरी गाउँपालिका क्षेत्रमा करिब १००० जनालाई अस्थायी रूपमा ३ दिनसम्म राख्न सकिने गरी आपत्कालीन आश्रयस्थल/आवास तयारी अवस्थामा राख्ने । | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | समुदायस्तर | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, रेडक्रस, वडास्तरीय विपद् व्यवस्थापन समिति र विषयक्षेत्र |
| ३ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | वडास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, र विषयक्षेत्र |
| ४ | अस्थाई आवास निर्माणका लागि आवश्यक पर्ने सामग्री तथा औजारहरू ढुवानीको लागि सवारी साधनहरु तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, र विषयक्षेत्र |

### ३.२.६ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने संरक्षण र सूरक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३१. संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयक्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि कम्तिमा १ पटक र आवश्यकता अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका र वडास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्या शाखा, शिक्षा शाखा, विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्ने डिग्निटी किट लगायतका सरसामानहरूको निरिक्षण गरी तैयारी अवस्थामा राख्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका शाखा, विषयक्षेत्र |

### ३.२.७ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपकालिन शिक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहायअनुसार तर्जुमा गरिएको छ।

*तालिका ३२. आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयक्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि कम्तिमा १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने। | २४ घण्टा अगाडी | विद्यालयस्तर | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा सम्पूर्ण बिद्यालय |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ३ | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र सूरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | विद्यालयस्तर | सम्भावित प्रकोपको सिजन अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने। | ४८ घण्टा अगाडी | गाउँपालिका, बिद्यालयस्तर | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय, विषयक्षेत्र |

### ३.२.८ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३३. शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना*

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् हुनसक्ने सम्भावना भएको सूचना जारी भएमा यस विषयगतक्षेत्रका सदस्यहरूलाई प्रभावित स्थानमा परिचालनका लागि विषयगत क्षेत्रको समन्वयात्मक बैठक बस्ने। | ३ दिने पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका, वडास्तर | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, पूर्वाधार विकास शाखा, विषयक्षेत्र, वडा स्तरमा |
| २ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि भण्डारण गरिएका सामग्री तथा उपकरणहरू निरिक्षण गर्ने र दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने। | ४८ घण्टा अगाडी | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र वडा कार्यालय |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने। | ४८ घण्टा अगाडी | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |

## ३.३ आपत्कालीन प्रतिकार्य योजना

कुनै पनि प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्नका लागि जानकी गाउँपालिका अन्तर्गत गठित सम्पूर्ण विषयगत क्षेत्रहरू परिचालनका लागि तपशिल बमोजिमका प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू तय गरिएको छ।

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३४. समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना हुनसक्ने यकिन भएपछि नगर विपद् व्यवस्थापन समितिको बैठक बस्ने। प्रकोपले असर गर्नसक्ने समुदायलाई सुरक्षित स्थानमा बस्न, सर्नका लागि तत्कालै अनुरोध गर्ने। | पूर्वानुमान प्राप्त भएपछि तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र, वडास्तर |
| २ | विपद्को जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली र कार्यदल परिचालन गर्ने। | पूर्वानुमान प्राप्त भएपछि तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति |
| ३ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी कार्य जारी गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |
| ४ | सर्वेक्षण टोली परिचालन भई तत्कालै घटनाको अवलोकन र घटनाको अवस्थाको बारेमा स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गर्ने साथै प्रारम्भिक द्रुत लेखाजोखा को प्रतिवेदन पेश गर्ने । | विपद् पश्चात २४ घण्टा भित्र | वडा कार्यालय, वडा अध्यक्ष सर्वेक्षण टोली (वडा कार्यालय,रेडक्रस प्रतिनिधि, नेपाल प्रहरी) |
| ५ | विपद्बाट यदि कसैको मृत्यु भएमा सोको तथ्याङ्क तथा बिस्तृत लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण तथा व्यवस्थापन गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, |
| ६ | घटनाको परिस्थितिको आधारमा पीडित समुदायलाई सम्भाव्य थप जोखिमबाट बचाउन र सहयोग पुर्याउन अन्य विषयगत क्षेत्रहरू र सरोकारवाला निकायसँग समन्वय गर्ने । | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | विस्तृत सर्वेक्षण गरी सबै विषयगत क्षेत्रहरूमा भएका क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत | विपद् पश्चात ७ दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, वडास्तरीय समिति, |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | गर्ने । | | विषयक्षेत्र |
| ८ | समीक्षा तथा योजना तर्जुमा बैठक बस्ने र तर्जुमा गरिएको योजना कार्यान्वयन गर्ने, गराउने। | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, सम्बन्धित शाखा तथा विषयक्षेत्र |
| ९ | विस्थापित भई शिविरमा बसेका, छरछिमेक वा आफन्तको घरमा आश्रय लिएका, घरगोठ पूर्ण रूपमा नष्ट भएका, आफन्त गुमाएका, घाइते भएकाहरूलाई स्वीकृत मापदण्ड बमोजिम राहत रकम उपलब्ध गराउने। | विपद् पश्चात तत्काल | गाउँ/नगरपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय समिति, वडा कार्यालय |
| १० | विपद्को सङ्कटकाल घोषणा गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिश गर्ने। | विपद् पश्चात तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति |
| ११ | विपद् पश्चात तत्काल स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र LEOC लाई थप सक्रिय बनाई समन्वय केन्द्र स्थापना गर्ने | आवश्यकता अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, आपतकालीन कार्यसंचालन केन्द्र |

### ३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना

प्रकोपबाट सिर्जित विपद्मा प्रतिकार्य गर्न खाद्य तथा कृषि क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३५. खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान गर्ने। | विपद् पश्चात तत्काल | कृषि शाखा र विषयक्षेत्र सदस्यहरु |
| २ | विपद्बाट प्रभावित भएकाहरूलाई उपयुक्त तयारी खाद्यान्न वितरण गर्ने। | विपद्को पहिलो दिन | वडा कार्यालय विषयक्षेत्रका सदस्यहरु |
| ३ | सर्वेक्षण टोलीको प्रतिबेदनको आधारमा आवश्यक खाद्य सामग्रीको व्यवस्था गर्ने पूर्वनिर्धारित मापदण्ड बमोजिम वितरण गर्ने। | दोस्रो दिन देखि निरन्तर | वन वातावरण तथा विपद् शाखा, कृषि शाखा, वडास्तरीय समिति |
| ४ | भण्डारण गरिएको खाद्य सामग्री अपुग हुने देखिएमा तत्काल खरिद गरी आपूर्तिको व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | कृषि शाखा मार्फत स्थानीय विपद् व्यवस्थापन समिति |
| ५ | गाउँपालिकाको क्षमता बाहिरको अवस्था भएमा अध्यक्षले थप सहयोगका लागि जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितिमा जानकारी गर्ने र | विपद् पछि आवश्यकतानुसर | अध्यक्ष वा तोकिएको अधिकारी |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | सहयोग उपलब्ध गराउन अनुरोध गर्ने। | | |
| ६ | थप खाद्य सामग्रीको लागि मानवीय सहायता कार्यमा संलग्न निकायहरूसँग समन्वय गर्ने र सहयोग उपलब्ध गर्नका लागि अनुरोध गर्ने । | विपद् पछि आवश्यकतानुसर | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ७ | खाद्य सामग्री वितरणमा आईपरेका समस्या तथा चुनौतीहरूको विषयमा विषयक्षेत्रको सदस्यहरु बीच समिक्षा बैठक गरि प्रतिवेदन तयार गरि पेश गर्ने। | प्रतिकार्यको आधारमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति कृषि शाखा, विषयक्षेत्र |

### ३.३.३ स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्यको सन्दर्भमा स्वास्थ्य तथा पोषण क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३६. स्वास्थ्य तथा पोषण क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात | स्वास्थ्य शाखा, विषयक्षेत्र, स्वास्थ्य कार्यसमूह |
| २ | विपद्को घटनामा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य टोली, प्राथमिक उपचार कार्यदल |
| ३ | स्थानीय स्तरमा उपचार हुन नसक्ने घाईते तथा विरामीलाई नजिकको स्वास्थ्य केन्द्र वा अस्पताल लैजान व्यवस्था मिलाउने। | आवश्यकता अनुसार | स्वास्थ्य टोली |
| ४ | महामारी रोकथाम र व्यक्तिगत सरसफाई कायम राख्न स्वास्थ्य शिक्षा प्रदान गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य तथा शिक्षा शाखा, विषयक्षेत्र |
| ५ | विपद् प्रभावित स्थानमा स्वास्थ्य शिविर सञ्चालन गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ६ | गर्भवती महिला, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने तथा पोषणयुक्त खानेकुरा वितरणको व्यवस्था मिलाउन खाद्य तथा पोषण क्षेत्रलाई सिफारिस गर्ने। | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |
| ७ | औषधी, सूरक्षाका सामग्री (पिपिइ सेट, सर्जिकल मास्क,स्यानीटाइजर, साबुन) तथा उपकरण (थर्मल गन, भेन्टिलेटर, फ्रिज, टेष्टिङ् किट) लगायतका सामग्रीहरु | आवश्यकता अनुसार | स्वास्थ्य शाखा, विषयक्षेत्र |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| | पहिचान गरी सोको व्यवस्था गर्ने। | | |
| ८ | बालबालिकामा कुपोषण हुनसक्ने सम्भावना देखिएमा पोषणयुक्त खानेकुरा वितरणको लागि खाद्य विषयगत क्षेत्रलाई सल्लाह दिने । | आवश्यकता अनुसार | पोषण कार्य समूह |

### ३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३७. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान गर्ने। | विपद् पश्चात तत्कालै | खानेपानी एकाई, विषयक्षेत्र |
| २ | प्रभावित स्थान वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको प्रवन्ध गर्ने। | विपद् पश्चात तत्कालै | खानेपानी एकाई, विषयक्षेत्र |
| ३ | विपद्का कारण सिर्जित फोहोर व्यवस्थापनको कार्य गर्ने। | विपद् पश्चात तत्कालै | सरसफाई एकाई, विषयक्षेत्र |
| ४ | पियुस, क्लोरीन जस्ता खानेपानी शुद्धिकरणका औषधी तथा व्यक्तिगत सरसफाईका लागि हाईजिन किट वितरण गर्ने र सरसफाई तथा स्वच्छता कायम गर्न चेतनामूलक कार्यक्रम गर्ने | विपद् पश्चात तत्कालै | खानेपानी र सरसफाई एकाई, शिक्षा शाखा, विषयक्षेत्र, नेपाल रेडक्रस सोसाईटी |
| ५ | विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरूको बारेमा विषयगत क्षेत्रका सदस्यहरू वीच समिक्षा बैठक बस्ने। | विपद् पश्चात तत्कालै | सामाजिक विकास शाखा, विषयक्षेत्र |

### ३.३.५ आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न आपतकालिन आश्रय र गैर खाद्य सामग्री क्षेत्रको आपतकालिन प्रतिकार्य सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छ।

*तालिका ३८. आपत्कालीन आश्रय र गैर-खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना*

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई क्षति सर्वेक्षण तथा आवश्यकता पहिचान कार्यमा सहयोग गर्ने। | विपद् पश्चात तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |

| क्र.सं. | विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
